## प्रोबेटको बारेमा...तपाईंले के जान्नु पर्छ

**३/२७/२०१४ मा अन्तिम पटक संशोधन गरिएको।**

### प्रोबेट भनेको के हो?

प्रबेट भनेको दाबी, खर्चहरू र कर राम्ररी तिरियो कि तिरिएन, र बाँकी रहेको सम्पत्ति मृतक व्यक्तिको इच्छा अनुसार वा ओहिओ कानून अनुसार हकदार व्यक्तिहरूले प्राप्त गरे कि गरेनन् सो कुरालाई हेर्नको निम्ति मृत्यु भएको कुनै पनि *व्यक्तिको* सम्पत्ति (*प्रोबेट सम्पत्ति* भनिन्छ) लाई व्यवस्थित गर्ने कानूनी कार्यवाही हो। प्रोबेट सम्पत्ति भन्नाले मृतकको नाममा रहेको सम्पूर्ण सम्पत्ति र मृत्युको कारण हस्तान्तर गर्न नपर्ने सम्पत्तिहरू पर्दछ। यसलाई मृतकको इच्छा अनुसार, वा मृतक *इच्छापत्र* नदिई मरेको अवस्थामा ओहिओ कानून अनुसार भागबन्डा गरिन्छ। प्रोबेट कार्यवाही मृतक बसोबास गर्ने प्रान्तको प्रोबेट अदालतमा अघि बढाइन्छ। यदि अर्को राज्यमा पनि मृतकको अचल सम्पत्ति छ भने, थप कार्यवाही त्यस राज्यमा हुनु आवश्यक हुन्छ।

### प्रोबेटमा कस्ता सम्पत्तिहरू समावेश हुँदैन?

त्यस्ता सम्पत्ति जुन प्रोबेट सम्पत्तिमा पर्दैनन् (*गैरप्रोबेट सम्पत्ति* भनिन्छ), त्यस्ता मस्पत्ति प्रोबेट कार्यवाहीमा समावेश *हुँदैनन्,* तिनमा यी समावेश हुन्छ: मृतक र अर्को व्यक्तिले मिलेर *उत्तरजीवित अधिकार सहित लिएको साझे भाडाका सम्पत्ति;* ट्रस्टमा राखिएको सम्पत्ति; मृत्युमा हकवालालाई *भुक्तान गरिन योग्य खाताहरू* (POD) वा मृत्युमा स्थानान्तर गरिने खाताहरू (TOD); र हकदारलाई तिर्न योग्य विमा वा अवकाश लाभहरू। गैरप्रोबेट सम्पत्ति सिधै नाम उल्लेख गरिएको हकदारहरू, बाँचेको व्यक्ति वा उत्तराधिकारीकहाँ प्रोबेट कार्यवाहीविना नै हस्तान्तरण हुन्छन्।

प्रोबेट सम्पत्ति *र गैरप्रोबेट* सम्पत्तिका निम्ति राज्य कर तिर्नु पर्ने हुनसक्छ।

### प्रोबेट किन अनिवर्य छ?

मृतकको सम्पत्तिलाई नियन्त्रण, सुरक्ष र बाँडफाट गर्नको निम्ति प्रबंधक तथ व्यवस्थापकलाई कानूनी अधिकार प्रदान गर्नको निम्ति प्रोबेट अनिवार्य छ। प्रोबेटले तिर्न बाँकी कर्जा, कर र व्यवस्थापन खर्च, र बाँकी रहेको सम्पत्तिलाई हकदार तथा उत्तराधिकारीहरूलाई बाँडफाट गर्दा लाग्ने खर्च भुक्तानी गर्नको निम्ति समेत प्रक्रिया प्रदान गर्दछ।

### प्रोबेटमा के समावेश हुँदछ?

सम्पत्तिको प्रोबेट गर्नको निम्ति सम्पत्तिको व्यवस्थापन गर्नको निम्ति एक जना व्यक्तिलाई नियुक्त गर्न आवश्यक हुन्छ। यदि इच्छापत्र छ भने यो व्यक्तिलाई इच्छापत्रमा नामाङ्कित गरिन्छ र *प्रबंधक* भनिन्छ। यदि

इच्छापत्र छैन वा इच्छापत्रमा कुनै व्यक्तिको नाम छैन भने, यो व्यक्तिलाई प्रोबेट अदालतले नियुक्त गर्छ र उसलाई *व्यवस्थापक* भनिन्छ। प्रबंधक वा व्यवस्थापक व्यक्ति, बैंक वा ट्रस्ट कम्पनी हुनसक्छ।

प्रबंधक वा व्यवस्थापकले निम्न काम-कार्वाही गर्दछ:

- मृतकको सम्पत्तिको रेखदेख गर्नु;
- सम्पत्तिबाट प्राप्त हुने ब्याज, डिभिडेन्ट र अन्य किसिमका आम्दानीहरू प्राप्त गर्नु;
- मृतकको लिन बाँकी ऋण, दाबी र नोटहरू संकलन गर्नु;
- सम्पूर्ण उत्तराधिकारीहरूको नाम, उमेर, ठेगाना र सम्बन्धहरू निर्धारण गर्नु;
- यदि इच्छापत्र भएमा सम्पूर्ण हकदारहरूको नाम, ठेगाना र ठेगानाहरू निर्धारण गर्नु;
- सम्पत्तिप्रती रहेका सम्पूर्ण दाबीहरूको मान्यतालाई निरिक्षण गर्नु र तिर्न बाँकी सम्पूर्ण दायित्वहरूलाई भुक्तान गर्नु;
- आवश्यक परेमा सम्पूर्ण सम्पत्तिहरूको कर र आम्दानी करको निम्ति योजना बनाउनु र लाग्ने रकम तिर्नु;
- अदालतले सम्पत्ति सम्बन्धी दिएको सम्पूर्ण आदेशहरूलाई पालना गर्नु र सम्पत्तिलाई उत्तराधिकारीसमक्ष बाँडफाट गर्नु।

प्रबंधक र व्यवस्थापकको कामलाई प्रोबेट अदालतको न्यायाधीश र सहयोगी कार्यकर्ताले निगरानी गर्दछ। यस कार्य अन्तर्गत, कानूनी कागजातहरू तयार गर्ने र दायर गर्ने, सूचना प्रदान गर्ने, अदालती सुनुवाइमा सहभागी हुने, सम्पत्ति मूल्याङ्कन गर्ने, सम्पत्ति विवरण राख्ने, आम्दानी कर फिर्ता र सम्भावित उपहार र सम्पत्ति कर फिर्तालाई समावेश गर्ने, सम्पूर्ण सम्पत्तिहरूको अन्तिम हस्तान्तरण गर्ने, प्रोबेट कार्यवाहीको समाप्ती र अदालतद्वारा प्रबंधक वा व्यवस्थापकको उन्मुक्ति। यी प्रक्रियाहरूको जटिलताका कारण वकीलको सहायता लिनु बुद्धिमानी हुन्छ।

यदि मृतकको सम्पूर्ण सम्पत्तिको जाम्मा मोल $३५,०० वा कम छ भने यीमध्ये केही व्यवस्थापक मापदण्डहरूबाट छूट हुन्छ। मृतकको पति/पत्नीलाई सम्पूर्ण सम्पत्ति हस्तान्तरण गरिने हक दिइएको अवस्थामा, ओपचारिक व्यवस्थापनबाट छूट पाउने रकम बढेर $१००,००० मा पुग्छ।

### प्रोबेट कति खर्चिलो हुन्छ?

अदालतद्वारा मूल्याङ्कन गरिएको खर्चहरू अदालतमा दायर गरिएको हरेक प्रकारको कागजातको प्रकार अनुसार कानूनले सूचीकृत गरेको शुल्कहरूका आधारमा छन्। सामान्यतया खर्चको रकम लगभग $२०० हो।

धेरै जसो मुद्दाहरूमा, सम्पत्तिको मुद्दाहरूलाई हेरे बापत वकीलले लिने शुल्क अदालतले अनुमोदन गरेकै हुनुपर्छ। समान्यतया, वकीलले लिने शुल्क वकीलले सेवा दिने वास्तविक समयको निम्ति घण्टाको हिसाबमा हुन्छ, वा प्रोबेट अदालतले सिफारिश गरेको शुल्क सूची अनुसार लिइन सक्छ। प्रोबेट सम्पत्ति र आम्दानी साथै गैरप्रोबेट सम्पत्ति (संयुक्त वा उत्तरजीवित सम्पत्ति बाहेक) को मोलको प्रतिशतको आधारमा ओहिओ कानूनले तोकेको शुल्क प्राप्त गर्ने प्रबंधक वा व्यवस्थापकको हुन्छ। थप असामान्य सेवाहरूका निम्ति प्रबन्धक, व्यवस्थापक वा वकीलले अनुरोध गर्न सक्छन्। प्रबंधक र व्यवस्थापकको आम्दानीमा कर लाग्छ र धेरैजसो कर माफी दिइन्छ।

**प्रोबेटको निम्ति कति समय लाग्छ?**

सम्पत्ति विरुद्धको दाबी व्यक्तिको मृत्यु भएको मितिदेखि छ महिनासम्म लाग्न सक्छ। राष्ट्रिय सम्पत्ति कर फिर्ताको निम्ति उजुरी दिन नपर्ने र कर्जा समस्याहरू नभएका साना सम्पत्तिको मुद्दा प्रबंधक वा व्यवस्थापकको नियुक्त भएपछि सामान्यतया छ महिनाभित्र समाप्त गरिन्छ। तैपनि, यदि राज्य सम्पत्ति कर फिर्ता आवश्यक परेमा, हरेक सम्पत्तिको व्यवस्थापन एक वर्षभन्दा बढी समय लाग्न सक्छ। (मृतकको मृत्यु भएको छ महिना नपुगिन्जेलसम्म सम्पत्ति कर तिर्नु पर्दैन) यदि सम्पत्ति कर फिर्तामा लेखा परिक्षण छ भने व्यवस्थापनको काम थप एक वर्ष वा त्योभन्दा बढी समय लाग्न सक्छ, र प्रबंधक वा व्यवस्थापकले लेखा परिक्षण समाप्त भएर सम्पत्ति करको व्यकतिगत दायित्वबाट छूट नभएसम्म प्रबंधक वा व्यवस्थापकले सम्पूर्ण सम्पत्तिहरू सुरक्षित रूपमा बाँडफाट गर्न सक्दैन। विवादास्पद इच्छापत्र भएको वा जटिल कर मुद्दा भएको असामान्य व्यवस्थापनलाई समाप्त गर्न धेरै वर्षसम्म लाग्न सक्छ। तैपनि, धेरै जसो मुद्दाहरूमा, धेरै जसो वा सम्पूर्ण सम्पत्तिको बाँडफाटको निम्ति प्रोबेट मुद्दाहरू समाप्त होउन्जेल् सम्म पर्खिरहनु आवश्यक हुँदैन।

**के मलाई इच्छापत्र चाहिन्छ?**

सही तरिकाले तयार गरिएको इच्छापत्रले, तपाईंको मृत्युभएमा, तपाईंको प्रोबेट सम्पत्ति तपाईंकै इच्छा अनुसार बाँडफाट गरिन्छ भन्ने कुरा तपाईंलाई सुनिश्चितता दिन्छ। तपाईंको इच्छापत्रलाई समयसापेक्ष राक्नको निम्ति समय-समयमा यसलाईल तपाईंको वकीलसँग पुर्नअवलोकन गर्नुहोस्। इच्छापत्र प्रबंधक छनौट गर्नको निम्ति एउटा माध्यम पनि हो र सामान्यतया नबालक सन्तान भएको अवस्थामा यसले संरक्षकको नामांकन प्रदान गर्दछ। इच्छापत्रले जमानत बोण्डको अनिवार्यतालाई पनि प्रदान गर्दछ, अन्यथा जसको निम्ति प्रबंधक वा व्यवस्थापकले तिर्नुपर्ने हुन्छ।

व्यक्तिको मृत्यु भएपछि सकेसम्म चाँडै इच्छापत्रलाई अदालतमा पेश गरिनुपर्छ। इच्छापत्र रोक्का गरेमा वा नष्ट गरिएमा कानूनले दण्ड दिँदछ।

यदि तपाईंले इच्छापत्र निर्माण गर्नुहुन्न भने, तपाईंको प्रोबेट सम्पत्ति ओहिओ बंशज र वितरण कानून (Ohio Statute of Descent and Distribution) अनुसार वितरण गरिनेछ।

*३/२७/२०१४*

*© मार्च २०१४ ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)*

लफ्याक्ट पम्प्लेट सेरिज (LawFacts Pamphlet Series)

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association)

PO Box 16562

Columbus, OH  43216-6562

(800) 282-6556 or (614) 487-2050

www.ohiobar.org

ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Foundation) द्वारा अनुदान

लफ्याक्ट सार्वजानिक जानकारी पुस्तिकाको यो एउटा श्रृंखला हो।  अरू, ओहिओ स्टेट बार एसोसिएसन (Ohio State Bar Association) लाई लिखित रूपमा माग गरी तपाईंको वकिलको कार्यलयमार्फत अथवा www.ohiobar.org बाट प्रापत्त गर्न सक्नुहुन्छ।

*यो पुस्तिकामा समावेश गरिएका जानकारी सामान्य छन्, र पहिले तपाईंको वकीलसँग परामर्श नलिई यसलाई कुनै विशेष कानूनी समस्यामा लागु गरिनु हुँदैन।*

103549816.2, ०९/३०/२०१० अनुसार OSBA प्रोबेट पुस्तिका

यस कानुनी सत्यता पर्चा श्रृंखलाले उपोभाक्ताहरुको लागि धेरैजसो आइपर्न कानुनी बिषयमा सामान्य जानकारी प्रदान गर्दछ .

केहि कानुनी सत्यता पम्प्लेट्सहरु एशियन सेर्विचेसले अंग्रेजीदेखि विविन्न एशियाली भाषामा, ओहायो राज्य बार फाउनदेशनको आर्थिक सयोगमा अनुवाद गरिएको छ . एसियन सेर्विचेस इन एक्शन, इनक., ओहायो राज्य अफ बार एसोसीएसनसंग सहयोगी, सहायक, वा सम्बन्धित, व्यक्ति वा संस्था होइन . ओहायो राज्य बार एसोसिएसनले अनुवादको शुद्धता या पूर्णता को रूपमा कुनै प्रतिनिधित्व वा वारंटी गरको छैन . कृपया अनुवाद प्रक्रिया कानुनी अर्थ सटीकता प्रभावित हुन सक्छ भन्ने कुरामा सचेत हुनुहोस .

यस कानुनी सत्यता पर्चा श्रृंखलाको इरादा विशिष्ट परिस्थितिमा कानुनी सल्लाहको विकल्प होइन . कानुनी सल्लाह लागि, तपाईं सधैं आफ्नो विशेष स्थिति र क्षेत्राधिकार लागू हुन्छ भनेर व्यवस्थाको ज्ञान भएको वकीलसंग परामर्श गर्नुपर्छ ।

With the permission of Ohio State Bar Association, the translation of this Brochure was completed by Asian Services In Action, Inc., which was financially assisted by the Ohio State Bar Foundation. The views expressed herein do not necessarily represent those of the Ohio State Bar Foundation.